नेपाल सरकार
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**(वातावरण तथा विपद् व्यवस्थापन शाखा)**

फोन नं. ४२००४८२
web page: www.mofald.gov
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या: २०७४/७५
च.न: २४९

मिति: २०७५/०३/०७

श्री नगरपालिका कार्यालय (सबै)

**विषय: कार्यशाला गोष्ठीमा सहभागिता सम्बन्धमा ।**

उपयुक्त बिषयमा खानेपानी तथा ढल निकास बिभाग अन्तर्गत तेश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना, आयोजना व्यवस्थापन कार्यालयको च.नं.१०४१ , मिति २०७५/०३/०१ गतेको पत्रबाट त्यस आयोजना र सोसाईटी अफ पब्लिक हेल्थ इन्जीनियर्स, नेपाल (सोफेन) को संयुक्त आयोजनामा देशका ७ वटै प्रदेशका नगर प्रमुखज्यूहरुलाई "दिसाजन्य लेदो व्यवस्थापनको जनचेतना तथा नेपाल सरकारबाट हालै पारित गरिएको मानव मलमुत्र युक्त फोहर व्यवस्थापनका लागि संस्थागत तथा नियामक खाका" को जानकारी एवम् छलफलका लागि १ दिने कार्यशाला गोष्ठी आयोजना गर्ने कार्यक्रम रहेको सन्दर्भमा प्रदेश नं.६ र प्रदेश नं.७ का नगरप्रमुखज्यूहरुलाई तपसिल बमोजिमको मिति र स्थानमा आयोजना हुने गोष्ठीमा सहभागिताका लागि पत्राचार गरिदिन लेखी आएकाले उक्त कार्यक्रममा सहभागिताका लागि व्यवस्था हुन जानकारी गराइएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ । आयोजना व्यवस्थापन कार्यालयको च.नं.१०४१ ,मिति २०७५/०३/०१ गतेको पत्र यसैसाथ संलग्न छ।

**तपसिल:**
**प्रदेश नं.६**
**मिति:** २०७५ /०३ /१८
**स्थान:** होटल नमस्ते , बिरेन्द्रनगर,सुर्खेत
**समय :** बिहान ८.०० बजे देखि ४.०० बजे सम्म

**प्रदेश नं.७**
**मिति:** २०७५ /०३ /२०
**स्थान:** साथी होटेल ,धनगढी
**समय :** बिहान ८.०० बजे देखि ४ .०० बजे सम्म ।

(सीता दुवाडी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री सूचना तथा विद्युतीय शासन शाखा, : यस मन्त्रालयको वेबसाइटमा Upload गर्नुहुन।

नेपाल सरकार
खानेपानी तथा सरसफाइ मन्त्रालय
खानेपानी तथा ढल निकास विभाग
दोश्रो / तेश्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना
आयोजना व्यवस्थापन कार्यालय

फोन : ४१८२५३
४१४५३९
४४२३८४८
४४१२३४८
फ्याक्स : ४४१३२८०
इमेल : info@sstwssp.gov.np

पानीपोखरी, महाराजगञ्ज
काठमाडौं, नेपाल

स्थानीय तह क्षमता विकास महाशाखा दर्ता नं ४६२ मिति: २०७५।३।४

पत्र संख्या :- ०७४/०७५
चलानी नम्बर :- १०४१

मिति :२०७५/०३/०१

बिषय : कार्यशाला गोष्ठीमा सहभागीता सम्वन्धमा ।

श्री स्थानिय विकास तथा संघिय मामिला मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

उपयुक्त विषयमा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना र सोसाइटी अफ पब्लिक हेल्थ इन्जिनियर्स, नेपाल (सोफेन) द्वारा तपसिल बमोजिमको मिति, समय र स्थानमा संचालन हुने देशका ७ वटै प्रदेशमा स्थानिय नगरपालिका प्रमुखज्यूहरुलाई दिसा जन्य लेदो व्यवस्थापनका जनचेतना तथा नेपाल सरकारबाट हालै पारित गरिएको मानव मल मुत्रीय फोहर व्यवस्थापनका लागि संस्थागत तथा नियामक खाकाको जानकारी एवं छलफलका लागि एक दिने कार्यशाला गोष्ठीको आयोजना गर्ने भएकोले उक्त गोष्ठीमा ७ वटै प्रदेशका स्थानिय नगरपालिका प्रमुखज्यूहरुलाई उक्त गोष्ठीमा सहभागिताको लागि पत्राचार तथा व्यवस्थापनको लागि पहिलो चरणमा प्रदेश नं. ३, दोस्रो चरणमा प्रदेश नं १, तेस्रो चरणमा प्रदेश नं. २, चौथो चरणमा प्रदेश नं.४ र पाचौं चरणमा प्रदेश नं.५ को लागि सहयोगका लागि धन्यवाद सहित छैठौं तथा सातौं चरणका निम्न बमोजिमका कार्यक्रमहरुको लागि समेत पत्राचारको व्यवस्थापन सहयोग गरिदिन हुन हार्दिक अनुरोध छ । साथै सोसाइटी अफ पब्लिक हेल्थ इन्जिनियर्स, नेपाल (सोफेन) द्वारा सो सम्वन्धमा पठाईएको पत्रको छायाँ प्रति यसै पत्रसाथ संलग्न छ ।

तपसिल:

**छैठौं चरण प्रदेश नं. ६**
**स्थान:** होटल नमस्ते, विरेन्द्रनगर, सुर्खेत
**मिति:** २०७५।०३।१८ गते सोमबार
**समय:** विहान ८:०० बजे देखि ४:०० बजे सम्म

**सातौं चरण प्रदेश नं. ७**
**स्थान:** साथी होटल, धनगढी
**मिति:** २०७५।०३।२० गते बुधबार
**समय:** विहान ८:०० बजे देखि ४:०० बजे सम्म

(रामचन्द्र साह)
आयोजना निर्देशक

आयोजना निर्देशक